म.प.बै.सं. ३।०८२

## संवत् २०८२ साल जेष्ठ ११ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः प्रदेश लोक सेवा आयोग, मधेश प्रदेशबाट सिफारिस भई आएका अधिकृत नवौं तहका विभिन्न उम्मेदवारहरुलाई स्थायी नियुक्ति गर्ने।

२. गृह, संचार तथा कानुन मन्त्रालयः चलचित्र तथा लोकसञ्चार प्रवर्द्धन बोर्डको अध्यक्ष पदमा ससरी जिल्ला, सप्तकोशी न.पा. को निवासी वर्ष ५० को श्री किशोर कुमार लेखीलाई नियुक्त गर्ने।

३. भौतिक पूर्वाधार विकास मन्त्रालयः Standards, Norms and Specifications for Road and Bridge स्वीकृत गर्ने।

४. भौतिक पूर्वाधार विकास मन्त्रालयः प्रादेशिक सडक संजाल गुरुयोजना स्वीकृत गर्ने।

५. सम्वत् २०८२ साल जेष्ठ २१ गते बुधबार दिनको १   :०० बजे मधेश प्रदेश सभाको पाँचौ अधिवेशन आव्हान गर्ने।

म.प.बै.सं. ४।०८२

## संवत् २०८२ साल जेष्ठ २२ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः प्रदेश नीति आयोग, मधेश प्रदेशका उपाध्यक्ष डा. सोहन प्रसाद साहलाई मितिः २०८२/०२/३१ देखि २०८२/०३/०६ (१४ जुन देखि २० जुन २०२५) सम्म इजरायलमा आयोजना हुने :MuniWorldExpo2025 मा सहभागी हुन नेपाल सरकार र प्रदेश सरकारलाई कुनै आर्थिक व्ययभार नपर्ने गरी वैदेशिक भ्रमण मनोनयन अनुमोदन गर्ने।

२. अर्थ मन्त्रालयः अर्थ मन्त्रालयले सम्बन्धित मन्त्रालयको प्रस्तावमा गरेको एकमुष्ट बिनियोजित रकम बाँडफाँडलाई समर्थन गर्ने।

३. अर्थ मन्त्रालयः मधेश प्रदेश सरकारको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम, मधेश प्रदेशका माननीय प्रदेश प्रमुखबाट मधेश प्रदेश सभामा पेश गर्न स्वीकृति दिने।

४. अर्थ मन्त्रालयः मधेश प्रदेश विनियोजन विधेयक, २०८२ का सिद्धान्त र प्राथमिकता मधेश प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने।

५. अर्थ मन्त्रालयः मधेश प्रदेश आर्थिक सर्वेक्षण, २०८१/०८२ मधेश प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने।

६. खेलकुद तथा समाज कल्याण मन्त्रालयः दलित विकास समितिको उपाध्यक्ष पदमा महोत्तरी गा.पा. -०६ निवासी जितेन्द्र पासवानलाई नियुक्त गर्ने।

७. मधेश प्रदेश सरकार (मन्त्रिपरिषद्) २०८२/०२/११ को निर्णयानुसार स्थायी नियुक्ति हुनुभएका अधिकृत नवौं तहका विभिन्न कर्मचारीहरुलाई पदस्थापन गर्ने।

८. खेलकुद तथा समाज कल्याण मन्त्रालय, मधेश प्रदेशका निमित्त प्रदेश सचिव (एघारौ तह) श्री चुडामणी फुयाललाई प्रदेश जनलोकपाल आयोग , मधेश प्रदेशको प्रशासनिक तथा आर्थिक अधिकार सहित निमित्त सचिवको जिम्मेवारीमा खटाउने।

९. प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय , मधेश प्रदेशका एघारौ तह श्री रंजित कुमार यादव (क.सं.न. २०५३५९) लाई  खेलकुद तथा समाज कल्याण मन्त्रालय , मधेश प्रदेशको प्रशासनिक तथा आर्थिक अधिकार सहित निमित्त प्रदेश सचिवको जिम्मेवारीमा खटाउने।